केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२/०७२/७३ मिति: २०७२/०४/२१

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा. निर्देशन नं. २३ को बुँदा नं. ८ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"**८. बैंकदर सम्बन्धमा:** यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **७.०** प्रतिशत कायम गरिएको छ ।"*

२. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७२ को इ.प्रा.निर्देशन नं. २३ को बुँदा नं. ४ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

***"४. पुँजी वृद्धि सम्बन्धमा***

*आ.व. २०७२/७३ को मौद्रिक नीतिमा उल्लिखित बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार सुदृढ गरी दीर्घकालीन विकासका लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्न सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुरा गर्नु पर्ने न्युनतम पूँजी सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।*

*(१)* ***बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण र न्युनतम चुक्ता पुँजी सम्बन्धी व्यवस्था:***

| वर्ग | राष्ट्रियस्तर | ४-१० जिल्ला* | १-३ जिल्ला* |
|---|---|---|---|
| "क" | रु. ८०० करोड | - | - |
| "ख" | रु. २५० करोड | रु. १२० करोड | रु. ५० करोड |
| "ग" | रु. ८० करोड | रु. ८० करोड | रु. ४० करोड |

** काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका जिल्लाहरुमा सीमित रहने ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(२) उपर्युक्त बमोजिम सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरूले २०७४ असार मसान्तभित्र कायम गर्नु पर्ने न्यूनतम चुक्ता पुँजी समानुपातिक रूपमा वृद्धि गर्नका लागि स्पष्ट कार्यतालिका सहितको व्यावसायिक योजना/ पुँजी योजना (Capital Plan) पेश गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम न्युनतम चुक्ता पुँजी पुऱ्याउने सम्बन्धी पुँजी योजना सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मिति २०७२ भदौ मसान्तभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

आ.व. २०७३/७४ को वित्तीय विवरण अनुसार प्रस्तावित वोनश शेयरलाई चुक्ता पुँजी गणना गर्ने प्रयोजनका लागि समावेश गर्न सकिनेछ ।

(३) मिति २०७४ असार मसान्तभित्र बुँदा नं. (१) मा उल्लेख गरे बमोजिम तोकिएको न्यूनतम चुक्ता पुँजी कायम नगर्ने बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको कारवाही हुनेछ :

(क) नगद लाभांश वा बोनस सेयर घोषणा तथा वितरण गर्न रोक लगाउने,

(ख) निक्षेप संकलन गर्न रोक लगाउने,

(ग) कर्जा प्रवाह गर्न रोक लगाउने र

(घ) शाखा विस्तार गर्न रोक लगाउने

३. यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरिएको छ ।

"व्यावसायिक कृषि तथा पशुपालन, साना तथा मझौला व्यवसाय एवम् भूकम्पबाट प्रभावित क्षेत्रमा आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न ऋणीको ऋण तिर्नसक्ने क्षमताका आधारमा बढीमा रु. १० लाखसम्मको कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् ।"

४. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरलाई जारी गरिएको एकीकृत निर्देशन २०७२ को इ.प्रा.निर्देशन नं. १७ को बुँदा नं. १ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

"इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कुल कर्जा सापट ( बिल्स खरिद तथा डिस्काउण्टसमेत) को क्रमश: न्युनतम ५.० प्रतिशत, ४.५ प्रतिशत र ४.० प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्नेछ ।

यस निर्देशनको प्रयोजनका लागि "विपन्न वर्ग" भन्नाले न्युन आय भएका र खासगरी सामाजिक रुपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, अन्धा, बहिरा, शारिरीक रुपले अपाङ्ग व्यक्तिहरु, सीमान्तकृत समुदाय तथा सानाकिसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई सम्झनु पर्दछ । विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानको लागि सञ्चालन हुने स्वरोजगारमूलक लघु उद्यमहरु सञ्चालन गर्न यस बैंकद्वारा तोकिएको सीमासम्म प्रवाह हुने लघु कर्जालाई "विपन्न वर्ग कर्जा" अन्तर्गत गणना गर्नु पर्नेछ ।"

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

५. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७२ को इ.प्रा.निर्देशन नं. १७ को बुँदा नं. ३ को खण्ड (क) र (ग) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(क) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रतिसमूह सदस्य/व्यक्तिलाई सामूहिक/ व्यक्तिगत जमानतमा प्रदान गरेको बढीमा एक लाख रुपैयाँसम्मको लघु कर्जा । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्य/व्यक्तिको हकमा* ***तीन*** *लाख रुपैया सीमा कायम गरिएको ।"*

*"(ग) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि स्वीकारयोग्य धितो/सामूहिक जमानीमा समूह सदस्यलाई प्रति व्यवसाय तीन लाख रुपैयाँमा नबढ्ने गरी उपलब्ध गराएको लघु उद्यम कर्जा । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा* **सात** *लाख रुपैया सीमा कायम गरिएको ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।